# बुटवल पावर कम्पनी लिमिटेड
## बुद्धनगर, वानेश्वर, काठमाण्डौ

## १६औं बार्षिक साधारण सभामा भएका निर्णयहरु

(क) **पृष्ठभूमिः**

यस बुटवल पावर कम्पनी लिमिटेडको १६ औं वार्षिक साधारण सभा मिति २०६५/९/२० (तद्नुसार जनवरी ४, २००९) आइतवारका दिन अपरान्ह १:०० बजे कम्पनीको कार्यालय, बुद्धनगर, काठमाण्डौमा संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूको अध्यक्षतामा बस्यो । कम्पनी सचिवले संचालक समितिका अध्यक्ष, सदस्यहरु, शेयरधनीहरु, कम्पनीका पदाधिकारीहरु तथा आमन्त्रित सवै महानुभावहरुलाई १६औं वार्षिक साधारण सभामा हार्दिक स्वागत गर्दै आसन ग्रहण गर्न अनुरोध गर्नु भयो र अध्यक्षज्यूको अनुमति लिई सभा संचालन गर्नु भयो । अध्यक्षज्यूले संचालक समितिको तर्फवाट कम्पनीको आ.व. २०६४।०६५ को वार्षिक प्रतिवेदन प्रस्तुत गर्नु भयो र साधारण सभामा वितरित विषय सूची अनुसारका विषयहरुमा छलफल एवं निर्णय भयो । साधारण सभा दिनको ३.१५ वजे समाप्त भएको थियो ।

(१) **सभा सम्बन्धी सूचना र प्रकाशन** :

अ) १६औं वार्षिक साधारण सभाको सूचना, विषय सूची, संक्षिप्त आर्थिक विवरणहरु तथा वार्षिक प्रतिवेदन शेयरधनीहरुलाई कम्पनीमा उपलब्ध उहाँहरुको ठेगानामा पठाइएको थियो । साथै, वासलात तथा नाफा नोक्सान हिसाव र नगद प्रवाह एवं कम्पनीको अन्य प्रगती विवरण सहितको प्रतिवेदन साधारण सभामा उपस्थित शेयरधनीहरुलाई वितरण गरिएको थियो ।

आ) मिति २०६५।८।२६ को समचार पत्र राष्ट्रिय दैनिक र मिति २०६५।८।२७ को कान्तिपुर राष्ट्रिय दैनिकमा १६औं वार्षिक साधारण सभाको सूचना एवं कम्पनीको संक्षिप्त आर्थिक प्रतिवेदन प्रकाशित गरी सवै शेयरधनीलाई साधारण सभामा भाग लिन आमन्त्रण गरिएको थियो ।

(२) **उपस्थिति** :

अ) संचालकहरुको उपस्थिति :

| | |
|---|---|
| १. श्री पद्म ज्योति | अध्यक्ष |
| २. श्री प्रदीप कुमार श्रेष्ठ | संचालक |
| ३. श्री ज्ञानेन्द्र लाल प्रधान | संचालक |
| ४. श्री रत्न संसार श्रेष्ठ | संचालक |
| ५. श्री अनुप कुमार उपाध्याय | संचालक |
| ६. श्री विजय बहादुर श्रेष्ठ | संचालक* |
| ७. श्री सन्तोष कुमार प्रधान | संचालक |

८. श्री विजय कृष्ण श्रेष्ठ		वैकल्पिक संचालक
९. डा. के.वी रोकाय		वैकल्पिक संचालक
१०. श्री राजिव राजभण्डारी		वैकल्पिक संचालक

(* संचालक श्री विजय बहादुर श्रेष्ठ निजी कामको शिलशिलामा काठमाण्डौ वाहिर रहनु भई सभामा उपस्थित हुन नसक्ने जनाकारी कम्पनी सचिवलाई गराउनु भएको हुँदा निजको तर्फवाट वैकल्पिक संचालक श्री राजिव राजभण्डारीले प्रतिनिधित्व गर्नु भएको ।)

आ) <u>कम्पनीका पदाधिकारीहरुको उपस्थिति :</u>

१. श्री मुरली प्रसाद शर्मा		कम्पनी सचिव
२. श्री रंजन लोहार		प्रमुख कार्यकारी अधिकृत
३. श्री राम भक्त कार्की		नायव महाप्रबन्धक, संचालन
३. श्री विनय भण्डारी		नायव महाप्रबन्धक, योजना तथा व्यवसाय विकास
४. श्री देवी प्रसाद दाहल		नायव महाप्रवन्धक, संगठन समन्वय
५. श्री मनोहर श्रेष्ठ		नायव महाप्रवन्धक, इन्जिनियरिङ्ग

ई) <u>पर्यावक्षक</u>

१. श्री कृण्ण प्रसाद घिमिरे		नेपाल धितोपत्र वोर्ड

इ) <u>शेयरधनीको उपस्थिति</u>

कुल शेयरधनीहरु मध्ये १११ जनाको (संस्थागत शेयरधनी समेत) उपस्थिति रहेको थियो ।

## (ख) गणपुरक संख्या तथा शेयर संख्याको प्रतिनिधित्वः

| विवरण | जम्मा संख्या | उपस्थिति संख्या | उपस्थितिको प्रतिशत |
|---|---|---|---|
| कम्पनीको शेयर कित्ता | ८,३९०,५७७ कित्ता | ७,३६०,४९८ कित्ता | ८७.७२ % |
| कम्पनीको शेयरधनी | ७७९ जना | १११ जना | १४.२४ % |

## (ग) सभाको वैधानिकताः

कम्पनीका कम्पनी सचिवले कम्पनी ऐन, २०६३ अनुसार साधारण सभा संचालन गर्नको लागि निर्दिष्ट गणपूरक संख्या पुगेको कुरा जानकारी गराउँदै सभा प्रारम्भ गर्न अनुमति माग्नु भयो । शेयरधनीहरुको सभाले कम्पनीको वार्षिक साधारण सभाका लागि गणपुरक संख्या पुगेको र सभा रित पूर्वक बोलाईएको ठहर गरी विधिवत् रुपमा साधारण सभाको कार्यवाही अगाडि बढाउने निर्णय गर्‍यो ।

अध्यक्षको अनुमित लिई कम्पनी सचिवले सभामा छलफल हुने विषय सूची र प्रस्तावहरु शेयरधनी महानुभावहरु समक्ष प्रस्तुत गर्नु भयो । छलफल तथा निर्णयार्थ सभामा प्रस्तुत

हुने विषयसूचीलाई साधारण सभाले सर्वसम्मतिवाट स्वीकृत गऱ्यो । तत्पश्चात साधारण सभामा विषयसूची अनुसार प्रस्तावहरु प्रस्तुत एवं निर्णय भए ।

(घ) **छलफलका विषयहरुः**

साधारण सभामा छलफल तथा निर्णयका लागि देहायका विषयहरु प्रस्तुत गरिएका थिए ।

(१) संचालक समितिको तर्फवाट संचालक समितिका अध्यक्ष्यज्यूको प्रतिवेदन माथी छलफल गरी पारीत गर्ने ।

(२) आ.व. २०६४।६५ को लेखापरीक्षकको प्रतिवेदन सहित २०६५ आषढ मसान्तको वासलात र आ.व. २०६४।६५ को वार्षिक नाफानोक्सान हिसाव विवरण र नगद प्रवाह विवरण माथि छलफल गरी पारीत गर्ने ।

(३) लेखापरीक्षण समितिको शिफारिस अनुसार आ.व. २०६५।६६ को लागि लेखापरीक्षकको नियुक्ति र निजको पारिश्रमिक निर्धारण गर्ने ।

(४) संचालक समितिले सिफारिश गरे वमोजिमको लाभांश स्विकृत गर्ने ।

(५) विविध ।

(ङ) **सभाको संचालन तथा प्रतिवेदनको प्रस्तुतिः**

निर्धारित विषयसूची अनुसार साधारण सभाको कार्यक्रम संचालन गर्न अनुमति प्राप्त भएपछि कम्पनी सचिवले संचालक समितिका अध्यक्ष श्री पद्म ज्योतिज्यूलाई संचालक समितिको तर्फवाट कम्पनीको वार्षिक प्रतिवेदन सभा समक्ष प्रस्तुत गर्न अनुरोध गर्नु भयो । तत् पश्चात अध्यक्ष श्री पद्म ज्योतिले संचालक समितिको तर्फवाट आ.व. २०६४।०६५ को वार्षिक प्रतिवेदन साधारण सभा समक्ष प्रस्तुत गर्नु भयो । अध्यक्षज्यूवाट वार्षिक प्रतिवेदन प्रस्तुत भएपछि शेयरधनीहरुले सो प्रतिवेदन तथा उहांहरुलाई उपलब्ध गराईएको लेखापरीक्षण प्रतिवेदन सहितको आ.व. २०६४।०६५ को आर्थिक विवरणहरु (२०६५ आषाढ मसान्तको वासलात तथा आ.व. २०६४।०६५ को नाफा नोक्सान हिसाव र नगद प्रवाह समेत) मा आफ्नो राय, प्रतिकृया तथा सुझाव राख्नु भएको थियो । यसरी आफ्नो राय, प्रतिकृया एवं सुझाव राख्ने शेयरधनीहरुमा (१) श्री डमरु बल्लभ घिमिरे (२) श्री अमृत नाथ रेग्मी (३)श्री व्यास कुमार शर्मा (४) श्री कुवेर श्रेष्ठ (५) श्री दिनेश राज पन्त (६) श्री दामोदर प्रसाद रेग्मी (७) श्री अमिर दास रंजित (८) श्री रामगोपाल श्रेष्ठ र (९) श्री शेल पि. ओल्सन हुनु हन्थ्यो । उहाँहरुको राय, सुझाव र प्रतिकृया निम्न वमोजिम रहेको थियो ।

१. **श्री डमरु वल्लभ घिमिरेः**
साधारण सभाको सूचना तथा कम्पनीको वार्षिक प्रतिवेदन वेलैमा पठाएको र समयमै साधारण सभा गरी गत वर्ष पच्चिस प्रतिशत लाभांश दिएकोमा यस वर्ष सो भन्दा पनि वढी हुने गरी तीस प्रतिशत लाभांश दिएकोमा धन्यवाद दिनु

भयो । आगामी दिनमा लाभांशको अलावा वोनस शेयर तथा हकप्रद शेयर जारी गरी नयाँ परियोजनाहरुमा लगानी गर्न संचालक समितिलाई सुझाब दिनु भयो । कम्पनीलाई ऋण मूक्त कम्पनी राख्न सफल भएकोमा संचालक समिति एवं व्यवस्थापनलाई धन्यवाद दिनु भयो । लाभांश वितरणको कार्य यथासंभव चाँडो गर्न सुझाव दिनु भयो ।

२. **अमृत नाथ रेग्मी:**

कम्पनीको १६औं वार्षिक साधारण सभा सम्म आइपुग्दा कम्पनी स्थापनको शुत्राधार श्री अड हफ्टनले जुन सोचका साथ कम्पनीको स्थापना गर्नु भएको थियो त्यसलाई आजको दिनसम्म के कति प्रगती भयो भनी सम्झने वेला भएको छ र कम्पनी सकरात्मक दिशा तर्फ गएको जस्तो लाग्दछ भन्नु भयो । कम्पनीको नाफालाई ध्यान दिंदै शेयर वजारमा पूंजीकरणको पक्ष तर्फ ध्यान दिन सुझाव दिनु भयो । कम्पनीको संचालन खर्च घटाउने, विद्युत उपभोक्ताको संख्या वृद्धि गर्ने, परियोजना संचालन भएका क्षेत्रको जनताको शिक्षामा योगदान दिने तर्फ ध्यान दिन सुझाव दिनु भयो । वोनस शेयर वा हकप्रद शेयर दिने तर्फ समेत ध्यान दिन आग्रह गर्नु भयो । सरकारले घोषणा गरेको दश वर्षमा दश हजार मेगावाट विद्युत उत्पादन गर्ने प्रयाशमा यस कम्पनीले सघाउ पुर्याउन सक्छ भन्ने तर्फ स्पष्ट कार्ययोजना भएको भए अझ राम्रो हुने थियो भन्ने धारणा व्यक्त गर्नु भयो । संचालक समितिको प्रतिवेदनमा जोखिम व्यवस्थापनलाई उचित स्थान दिएर त्यस तर्फ संचालक समिति तथा व्यवस्थापन सचेत रहेको स्पष्ट भएकोमा खुसी व्यक्त गर्नु भयो । आगामी वर्षमा कम्पनीको वार्षिक प्रतिवेदनमा सहायक कम्पनीहरुको आर्थिक अवस्था स्पष्ट झल्कने गरी प्रस्तुत गर्न सुझाव समेत दिनु भयो ।

३. **व्यास कुमार शर्मा:**

यस कम्पनीले समयमै साधरण सभा गरेको सकरात्मक रहेको तर्फ औंल्याउँदै आफ्नो पूंजीको सन्ताउन्न प्रतिशत वरावरको रकम सहायक कम्पनीहरुमा लगानी गरी विभिन्न क्षेत्रमा काम गरेको पक्ष सकारात्मक रहेको तर सो अनुपातमा कम्पनीको पूंजी बृद्धि नभएकोले कम्पनीको पूंजी पनि बढाउन पर्ने विचार व्यक्त गर्नु भयो । कम्पनीले आ.व. २०६४।६५ मा चालीस प्रतिशत नाफा कमाउन सकेको भएतापनि तीस प्रतिशत मात्र लाभांश दिने प्रस्ताव गरिएको हुंदा त्यसमा आफ्नो जिज्ञास राख्नु भयो । आगामी वर्षमा वोनस तथा हकप्रद शेयर दिने तर्फ विशेष ध्यान दिन सुझाव प्रस्तुत गर्नु भयो । कम्पनीको पूंजी तथा रिजर्भ बढाउने तर्फ ध्यान दिन सुझाव दिनु भयो ।

४. **श्री कुवेर श्रेष्ठ :**

राम्रो कार्य सम्पादन गरेर तीस प्रतिशत लाभांश दिएकोमा धन्यवाद दिंदै देशको यस्तो विषम परिस्थितीमा यस कम्पनीले महत्वपूर्ण भूमिका खेल्न सक्ने सम्भावना भएको हुँदा यस कम्पनीको भविश्य उज्वल छ र कम्पनीको छवी पनि राम्रो छ भन्नु भयो । जलविद्युत क्षेत्रमा काम गरी रहेका चिलिमे जस्ता कम्पनीहरुको कार्य योजनाहरु समेतलाई ध्यान दिंदै आगामी दिनमा कम्पनीले कसरी उन्नती गर्ने र कुन समयमा कम्पनी कुन अवस्थामा पुग्ने हो भन्ने सम्बन्धमा कार्य योजना बनाएर अगाडि बढ्न सल्लाह दिंदै आगामी वर्षमा

प्रतिशेयर आम्दानी कति पुऱ्याउने योजना छ त्यसको वारेमा जानकारी गराएमा राम्रो हुने सुझाव दिनु भयो । कम्पनीले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा प्रदान गरको रकमको वारेमा जिज्ञासा राख्दै कम्पनीको सामाजिक उत्तरदायित्वको निर्वाह अझ सशक्त हुन सकेमा कम्पनीको शाख बढ्न जाने भई सबै शेयरधनीको शिर उचो हुने सुझाव समेत प्रस्तुत गर्नु भयो । साथै वोनस शेयर जारी गर्ने तर्फ सोच राख्न अनुरोध गर्नु भयो । झोलामा खोलाको लइसेन्स बोकेर हिड्ने तर योजना कार्यान्वयन गर्न नसक्नेहरुको लाइसेन्स खारिज गर्ने तर्फ अभियान चाल्न समेत सुझाव दिनु भयो ।

५. **दिनेश राज पन्तः**

कम्पनीको वार्षिक प्रतिवेदन नेपाली तथा अंग्रेजी दुवै भाषामा आएको राम्रो छ भन्दै आगामी वर्षमा अझ राम्रो प्रतिवेदन आओस भन्ने कामना गर्नु भयो । शेयरधनीहरुलाई तीस प्रतिशत लाभांश दिएकोमा धन्यवाद दिनु भयो । आगमी वर्षमा वोनस तथा हकप्रद शेयर दिने तर्फ सोचाइ बनाउन सुझाव प्रस्तुत गर्नु भयो । अहिलेको यस्तो १२।१४ घण्टा लोडसेडिङको विकराल परिस्थितीमा यस कम्पनीले पनि अल्पकालिन, मध्यकालिन तथा दिर्घकालिन योजना बनाएर नयाँ परियोजनाहरु निर्माण गर्ने तर्फ विशेष ध्यान दिन अनुरोध गर्नु भयो ।

६. **श्री दामोदर प्रसाद रेग्मीः**

शेयरधनीहरुलाई तीस प्रतिशत लाभांश दिएको र कम्पनीको आर्थिक अवस्था राम्रो राख्न सफल भएकोमा संचालक समितिलाई धन्यवाद दिनु भयो । कम्पनीमा सवै प्रकारको श्रोत र साधन हुँदा हुँदै पनि कम्पनी अपेक्षित रुपमा अगाडि बढ्न नसकेकोमा गुनासो गर्दै आगामी दिनमा अन्य लगानीकर्ता, वैंक तथा वित्तिय संस्थाहरु समेतलाई साथै लिएर जल विद्युत क्षेत्रमा अगाडि बढ्न सुझाव दिनु भयो । विगतका वर्षहरुमा लाभांश घोषणाको परीपाटी हेर्दा लाभांशको प्रतिशत तल माथी हुने गरेको हुँदा सन्तुलित लाभांश नीति हुन आवश्यक भएको तर्फ इङ्गित गर्दै नगद लाभांशका अतिरिक्त वोनस शेयर वा हकप्रद शेयर दिने गरी लाभांश नीति तय गरिएमा उत्तम हुने सुझाव समेत प्रस्तुत गर्नु भयो ।

७. **अमिर दास रंजितः**

समयमै वार्षिक साधारण सभा गरी शेयरधनीहरुलाई तीस प्रतिशत लाभांश दिन लागेकोमा धन्यवाद ज्ञापन गर्दै सन्तुलित लाभांश नीति अपनाउन सुझाव दिनु भयो । साथै, शेयरधनीहरुलाई वोनस शेयर तथा राइट शेयर दिने तर्फ ध्यान दिन आग्रह गर्नु भयो । शेयर स्वमित्वमा सर्वसाधारण शेयरधनीको प्रतिशत कसरी बृद्धि गर्न सकिन्छ भन्ने तर्फ ध्यान दिन समेत संचालक समितिलाई अनुरोध गर्नु भयो । त्यसै गरी कम्पनीको साधारण सभाको मिति सम्मको आर्थिक अवस्थाको वारेमा जानकारी गराउनु भएको भए अझ राम्रो हुने विचार समेत व्यक्त गर्नु भयो ।

८. **श्री राम लाल श्रेष्ठः**

कम्पनीले आफ्नै कम्पाउण्डमा वार्षिक साधारण सभा गरेको र शेयरधनीहरुसंग राम्रो सम्बन्ध कायम गरेर अघी बढेकोमा धन्यवाद दिनु भयो । कम्पनीका

संचालकहरु श्री रत्न संसार श्रेष्ठ तथा श्री ज्ञानेन्द्र लाल प्रधानले देशको विद्युत क्षेत्रको विकासमा महत्वपुर्ण विचारहरु व्यक्त गर्दै आउनु भएको कुरा उल्लेख गर्दै ति विचारहरुलाई कम्पनीले पनि कार्यान्वयन तर्फ लैजानको लागि उचित ध्यान दिनु पर्ने उहाँको सुझाव थियो ।

९. **शेल पि. ओल्सन:**

नेपालको लागि सन् २००८ राजनितिक रुपमा अत्यन्त महत्वपूर्ण रह्यो र राजनितिक स्थिरता तिर देश जानेछ भन्ने आशा पलाएको छ जसवाट नेपालमा लगानीको वातावरण बन्दै जाने छ भन्ने अपेक्षा गर्न सकिने धारणा व्यक्त गर्दै सरकारवाट घोषित दश वर्षमा दश हजार मेगावाट उत्पादन लक्ष्यको लागि शुभकामना व्यक्त गर्नु भयो । यस कम्पनीको पनि आगामी पाँच वर्षको लागि आशलाग्दो एवं कार्यान्वयन गर्न सकिने योजनाहरु छन् भन्ने विश्वस व्यक्त गर्नु भयो । इन्टक्राफ्ट नेपाल ए.एस सानै शेयरधनी भए पनि यहाँको विकासको लागि आर्थिक तथा प्राविधिक सेवा प्रदान गर्दै आएको छ । व्यवस्थापन शिक्षा तथा परियोजना कार्यान्वयनको लागि काठमाण्डौ विश्वविद्यालयसंग मिलेर नोराड मार्फत सहयोगको हात अघि बढाएका छौं र त्यसवाट नेपालले राम्रो उपलब्धी प्राप्त गर्ने छ भन्दै नयाँ साल २००९ नेपालको विकासको लागि उपलब्धी मूलक हुने छ भन्ने आशा व्यक्त गर्नु भयो ।

साथै, शेयरधनी श्री विष्णु बहादुर सिंहले अर्घाखाँचीको विद्युतीकरणको लागि उचित ध्यान दिन समेत लिखित सुझाव प्रस्तुत गर्नु भएको थियो ।

शेयरधनीहरुले संचालक समितिको प्रतिवेदन तथा आ.व. २०६४।६५ को आर्थिक विवरण उपर आफ्ने राय, प्रतिकृया तथा सुझाव राख्ने कार्य सम्पन्न भए पछि शेयरधनीले उठाएका जिज्ञासाहरु उपर संचालक समितिको तर्फवाट भनाईहरु राखिदिनको लागि कम्पनी सचिवले सभाका अध्यक्षज्यूलाई अनुरोध गर्नु भयो ।

सभाका अध्यक्षज्यूले शेयरधनीहरुले वार्षिक साधारण सभालाई अत्यन्त सौहार्दपूर्ण तरीकावाट सम्पन्न गर्न सहयोग गरेकोमा खुसी लागेको छ भन्दै यसको लागि कडा मेहनतका साथ कम्पनीलाई यस अवस्थामा ल्याउने व्यवस्थापन तथा संपूर्ण कर्मचारीहरुलाई धन्यवाद दिनु भयो ।

अध्यक्षज्यूले शेयरधनीहरुवाट आएका महत्वपूर्ण सल्लाह तथा सुझाववाट आगामी दिनमा काम गर्नको लागि प्रोत्साहन एवं उर्जा मिलेको र यसको उचित कार्यन्वयनवाट संचालक समितिले आगामी वर्षमा शेयरधनीहरुवाट पाउने प्रतिकृया निर्भर रहने हुँदा त्यस तर्फ संचालक समितिले उचित ध्यान दिदै जाने विचार व्यक्त गर्नु भयो । संचालक समितिले कम्पनीको सोच अनुरुप कार्य गर्दै आएको छ र आजको दिन सम्म आइपुग्दा चालिएका कदमहरु एवं लिइएका निर्णयहरु अत्यन्त सोच र समझका साथ गरिएका छन् र आगामी दिनमा कम्पनीको श्रोत र साधनले भ्याएसम्म देशको जलविद्युत क्षेत्रको विकास तथा विस्तारमा कम्पनी इमान्दारी पूर्वक लाग्ने छ भन्दै शेयरधनीहरुलाई त्यस तर्फ आस्वस्त रहन अध्यक्षज्यूले अनुरोध गर्नु भयो ।

अध्यक्षज्यूले शेयरधनी श्री विष्णु बहादुर सिंहले अर्घाखाँची जिल्लालाई विद्युतीकरणमा ध्यान दिन राख्नु भएको सुझावका सम्बन्धमा प्रष्ट पार्दै झिमरुक जलविद्युत आयोजनावाट प्रभावित प्युठानका धेरै गा.वि.स.हरु एवं अर्घाखाँचीको असुरकोट र खिल्जी गा.वि.स मा विद्युतीकरणको कार्यहरु भैरहेको छ र अन्य आसपासका क्षेत्रका जनतालाई समेत क्रमश विद्युत सेवा उपलब्ध गराउँदै लैजाने कम्पनीको सोच भएको हुँदा सोही आधारमा विद्युतीकरण तर्फ कार्यहरु भैरहेको जनाकारी गराउँदै हाल सम्म कम्पनी र स्थानीय जनताको सम्बन्ध सुमधुर रहँदै आएको र भावी दिनहरुमा यस सम्बन्धलाई अझ घनिष्ट बनाउन चाहन्छौं भन्दै यो सन्देश त्यहाँका जनता समक्ष पुऱ्याइदिन शेयरधनी श्री विष्णु बहादुर सिंहलाई अनुरोध गर्नु भयो ।

शेयरधनीज्यूहरुले पन्ध्रौं साधारण सभामा दिएका सुझावहरुलाई स्मरण गर्दै अध्यक्षज्यूले तिनै सुझावहरुको आधारमा कम्पनीको वार्षिक प्रतिवेदन तयार गर्ने, प्रतिवेदन शेयरधनीहरुलाई वेलैमा पठाउने काम भएको कुरा उल्लेख गर्दै सो को लागि आफ्नो ठेगान परिवर्तन भएका वा दुरुस्त ठेगाना उल्लेख नभएका शेयरधनीहरुलाई आफ्नो ठेगाना अध्यावधिक गराउन अनुरोध गर्नुको साथै केही शेयरधनीहरुले आफ्नो ठेगाना अध्यावधिक गर्नु भएकोले यस पटक पचासी प्रतिशत शेयरधनीहरुको ठेगानामा वार्षिक प्रतिवेदन पुग्न सकेकोमा खुसी व्यक्त गर्नु भयो । त्यसै गरी अध्यक्षज्यूले विदेशी विनिमयको उतार चढाव कम्पनीको काबु भन्दा वाहिरको विषय भएपनि त्यसवाट कम्पनीलाई हुने नकरात्मक असर कम गर्नको लागि शेयरधनीहरुको सुझाव वमोजिमनै विदेशी विनिमयको उतार चढावको नियमित अनुगमन गर्न व्यवस्थापनलाई निर्देशन दिइएको र सोही वमोजिम व्यवस्थापनले कार्य गरी कम्पनीलाई आ.व. २०६४।६५ मा नाफा भएको जानकारी गराउनु भयो । साथै, गत वर्षको तुलनामा लाभांश प्रतिशतमा वृद्धि गरी यस वर्ष तीस प्रतिशत लाभांश दिनलागेको जानकारी गराउनु भयो ।

अध्यक्षज्यूले यस कम्पनीमा विदेशी लगानी समेत भएको हुँदा संचालक समितिको प्रतिवेदन तथा आर्थिक विवरणहरु अंग्रेजी भाषामा तयार गर्नु परेको तर्फ स्पष्ट पार्दै नेपाली भाषामा संचालक समितिको प्रतिवेदन शेयरधनीहरुलाई वितरण गरिएको र आगामी वर्षहरुमा आर्थिक विवरणहरु समेत नेपाली भाषमा पठाउने तर्फ ध्यान दिइने जानकारी गराउनु भयो ।

अध्यक्षज्यूले वोनस शेयर वा हकप्रद शेयर जारी गर्ने सम्बन्धमा संचालक समिति अत्यन्त सकारात्मक रहेको र नयाँ परियोजनाहरु विकासको लागि यो महत्वपूर्ण वित्तिय साधान भएको तर्फ औल्याउँदै आगामी दिनमा नयाँ परियोजनाको निर्माण थालनी संगै त्यस तर्फ ध्यान दिइने जानकारी गराउनु भयो । कम्पनीमा विभिन्न नयाँ परियोजनाहरु रहेको र ती परियोजनाहरु निर्माणमा जानको लागि कम्पनीले गर्ने निर्णयका अलावा सरकारी स्वीकृति एवं अनुमति लिनु पर्ने, त्यस पछि वैंक वा वित्तिय संस्थाहरुवाट लगानीको लागि सहमति/सम्झौता गर्नु पर्ने एवं विद्युत खरीदकर्ता नेपाल विद्युत प्राधिकरणसंग समेत विद्युत खरीद विक्रीको सम्झौता गर्नु पर्ने आदि विभिन्न पक्षहरुको कारणवाट नयाँ परियोजना निर्माणमा जानको लागि समय लाग्ने तर्फ शेयरधनीहरुको ध्यानाकर्षण गराउँदै नयाँ परियोजना निर्माणको कार्यलाई जति सक्दो छिटो कार्यान्वयन गर्नको लागि संचालक समिति प्रयत्नरत् रहने जानकारी गराउनु भयो ।

कम्पनीले लिएको ओभर ड्राफ्ट लिमिटका सम्बन्धमा स्पष्ट पार्दै उक्त ओभर ड्राफ्ट लिमिट कम्पनीको अल्पकालिन आवश्यकता पूर्तिका लागि एउटा वित्तिय साधनका रुपमा लिइएको र हाल सो अर्न्तगत कम्पनीले कुनै ऋण नलिएको जानकारी गराउनु भयो । साथै, चिलिमे जलविद्युत कम्पनी संग गरिएको तुलनाका सम्बन्धम प्रष्ट पार्दै चिलिमेको कार्य क्षेत्र विद्युत उत्पादनमा मात्र सिमित रहेको र यस कम्पनीको कार्य क्षेत्र विद्युत उत्पादनका अतिरिक्त, वितरण तथा इन्जिनियरिङ परामर्श सेवा समेत रहेको हुँदा यो वास्तविकतालाई मनन गर्न आग्रह गर्नु भयो ।

अध्यक्षज्यूले शेयरधनीलाई आ.ब. २०६४।६५ को लाभांश वितरणको कार्य कानून वमोजिम नेपाल सरकारको स्वीकृति प्राप्त भए लगत्तै शुरु गरिने कुरा जानकारी गराउनु भयो ।

यसैगरी शेयरधनीहरुवाट उठाइएका जिज्ञासा तथा प्रश्नहरुका सम्वन्धमा अध्यक्षज्यूवाट स्पष्ट पार्ने कार्य सकिए पछि कम्पनी सचिवले साधारण सभाको विषय सूचीमा उल्लेख भए वमोजिम प्रस्तावहरु स्वीकृतिका निमित्त क्रमशः प्रस्ताव राख्नु भयो ।

(च) **निर्णयहरुः**

१) संचालक समितिको तर्फवाट अध्यक्ष श्री पद्म ज्योतिज्यूले साधारण सभा समक्ष प्रस्तुत गर्नु भएको आ.व. २०६४।०६५ को वार्षिक प्रतिवेदन उपर छलफल सम्पन्न भएकोले उक्त प्रतिवेदन पारीत गर्न प्रस्ताव गरिएकोमा सभावाट उक्त प्रतिवेदन सर्व सम्मतिवाट पारीत गर्ने निर्णय भयो ।

२) लेखापरीक्षकको प्रतिवेदन सहित कम्पनीको लेखापरिक्षित आ.व. २०६४।६५ को आर्थिक विवरणहरु (२०६५ आषाढ मसान्तको वासलात र आ.व. २०६४।०६५ को नाफा नोक्सान हिसाव तथा नगद प्रवाह) साधारण सभाको विषयसूची संगै शेयरधनीहरुलाई उपलब्ध गराइएको थियो । उक्त वासलात तथा नाफा नोक्सान हिसाव सहितको आ.व. २०६४।०६५ को आर्थिक विवरणहरु उपर छलफल समेत भई सकेकोले उक्त आर्थिक विवरणहरु स्विकृतीको लागि सभा समक्ष प्रस्ताव गरिएकोमा सभावाट सर्वसम्मतिले उक्त आर्थिक विवरणहरु पारीत गर्ने निर्णय भयो ।

३) लेखापरीक्षण समितिका अध्यक्ष श्री रत्न संसार श्रेष्ठले आ.व. २०६५।६६ को लागि पनि आ.व. २०६४।६५ का लागि नियुक्त हुनु भएका लेखारीक्षक श्री सुन्दर एण्ड कंपनी योग्य रहनु भएको हुँदा लेखापरीक्षण वापत सेवा शूल्क रु १७५,००० (एक लाख पचहत्तर हजार रुपैयाँ) मुल्य अभिवृद्धि कर, वाह्य भत्ता, स्थानीय सुविधा तथा यातायत खर्च वाहेक (Excluding of VAT, out-station allowance and travel expenses) दिने गरी सोही नाम आ.व. २०६५।६६ को लेखापरीक्षणको लागि साधारण सभा समक्ष शिफारिस गर्ने निर्णय गरेको जानकारी गराउँदै लेखापरिक्षक नियुक्तिको लागि प्रस्ताव गर्नु भयो । सभावाट प्रस्ताव गरे वमोजिमनै श्री सुन्दर एण्ड कंपनीलाई रु १७५,००० (एक लाख पचहत्तर हजार रुपैयाँ) मुल्य अभिवृद्धि कर, वाह्य भत्ता, स्थानीय सुविधा तथा यातायत खर्च

वाहेक (Excluding of VAT, out-station allowance and travel expenses) लेखापरीक्षण शुल्क दिने गरी आ.व. २०६५।०६६ को लागि लेखापरीक्षक नियुक्ति गर्ने सर्वसम्मतिवाट निर्णय गरियो ।

४) आ.व. २०६४।०६५ को आर्थिक विवरणमा व्यवस्था गरिए वमोजिम लाभांश वितरणको लागि छुट्टयाइएको रकमवाट शेयरधनीहरुको सुविधा र हितलाई ध्यानमा राख्दै चुक्ता पूँजीको ३०% नगद लाभांश वितरण गर्न साधारण सभा समक्ष सिफारिश गरेकोले सो अनुसार लाभांश वितरण गर्न प्रस्ताव गरिए वमोजिम चुक्ता पूंजीको ३०% नगद लाभांश वितरण गर्न निर्णय भयो ।

५) विविध शिर्षक अर्न्तगत कुनै पनि प्रस्तव नभएको हुँदा सो शिर्षक अर्न्तगत अन्य कुनै निर्णय भएन ।

**छ) धन्यवाद र सभा विसर्जनः**

अध्यक्षज्यूले कम्पनीको १६ औं वार्षिक साधारण सभामा सहभागी भई सभालाई सूचारु रुपमा सम्पन्न गर्न गराउन सहयोग पुर्‍याउनु भएकोमा सवै शेयरधनीहरु, संचालक समितिका सहकर्मि सदस्यहरु, व्यवस्थापक तथा कर्मचारीहरु, आमन्त्रित व्यक्तित्वहरु, मिडिया तथा कम्पनीको प्रगतीमा प्रत्यक्ष वा परोक्ष रुपमा सहयोग गर्ने अन्य सम्वद्ध सवैलाई धन्यवाद ज्ञापन गर्नु भयो । अध्यक्षज्यूले शेयरधनीहरुले संचालक समिति प्रति देखाएको विश्वास र सद्‌भावको निमित्त कृतज्ञता ज्ञापन गर्नु भयो । साधारण सभा अपरान्ह ३.१५ वजे विसर्जन भएको थियो ।

(मुरली प्रसाद शर्मा)
कम्पनी सचिव

(पद्‌म ज्योति)
अध्यक्ष